स्व. वि. यु. निर्वाचन समिति

# केन्द्रिय प्रविधि क्याम्पस, हात्तिसार, धरान
## स्वतन्त्र विद्यार्थी युनियन निर्वाचन, २०७९

के. प्र. क्या. हात्तिसार, धरान

### मतदान, मतपत्र तथा मतगणना सम्बन्धी नियम

आगामी २०७९ साल चैत ५ गते आईतवार सम्पन्न हुनगइरहेको स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचनको सम्बन्धमा विद्यार्थी संघ/संगठनका प्रतिनिधिसँग छलफल गरी निम्नअनुसारको मतदान, मतपत्र तथा मतगणना सम्बन्धी नियमतर्जुमा गरी जारी गरिएको छ।

मतदान सम्बन्धी नियमहरू

१. स्व.वि.यु. निर्वाचन २०७९ मा प्रत्यक्ष निर्वाचनबाट अध्यक्ष, सचिव, कोषाध्यक्ष र ७ जना सदस्य निर्वाचित हुनेछन् भने उपाध्यक्ष, सहायक सचिव सहित ९ जना सदस्य समानुपातिकनिर्वाचनप्रणालीद्वारा निर्वाचित हुनेछन्।

२. माथि उल्लेखित दुई निर्वाचन प्रणालीका लागि छुट्टाछुट्टै रङको तिनवटा मतपत्र प्रयोग गरिने छ।

३. मतदानकार्य पूर्वनिर्धारित तालिकाअनुसार २०७९/१२/५गते आईतबारका दिन बिहान ८:०० देखि दिउँसो ४:०० बजेसम्म हुनेछ। तोकिएको समयभित्र मतदान क्षेत्र भित्र प्रवेश गर्ने मतदाताले मात्र मतदान गर्न पाउने छन्।

४. मतदाता नामावलीमा सामान्य हिज्जे (Spelling) वा Middle name गल्तीभएमा यसै आधारमा मात्रमतदान गर्नबाट बञ्चित गरिने छैन।

५. प्रत्यक्षतर्फका उम्मेद्वारहरूले बढीमा एफोर साइजको कागजमा उम्मेद्वारको नाम, उम्मेद्वारको फोटो तथा विद्यार्थी संगठनको नाम लेखीचतुर्भुज वा गोलाकारमा परिचयपत्र बनाई शरीरको अघिल्लो भागमा झुण्ड्याउन पाउने छन्। यस्तो परिचयपत्र रङ्गीन पनि हुन सक्नेछ र रिबनको समेत प्रयोग गर्न सकिने छ। तर उक्त परिचयपत्र मतदान स्थल भित्र प्रयोग गर्न पाईने छैन। यस्तो परिचयपत्रको व्यवस्था विद्यार्थी सगठन आफैले गर्नुपर्ने छ।

६. मतदान गर्नका लागि मतदाता विद्यार्थीले क्याम्पसले वितरण गरेको आधिकारिक र अद्यावधिक परिचयपत्र अनिवार्य रूपमा पेस गर्नुपर्नेछ। विद्यार्थी परिचयपत्र बाहेकका अन्य कुनै प्रमाणका आधारमा मत खसाल्न पाइने छैन।

७. क्याम्पसको हाता (कक्षाकोठा, प्रशासनिकभवन र प्रयोगशाला) लाई मतदान क्षेत्र तोकिएको छ।

८. कुनै मतदाता विद्यार्थीको एक भन्दा बढी तह वा वर्ष वा कार्यक्रममा भर्ना भएको अवस्थामा कुनै एक ठाउँबाट मात्र मतदान गर्न पाउने छ।

९. फरक क्षमता भएका तथा अशक्त मतदाताले आवश्यक भएमा मतदान अधिकृतको सहयोगमा मतदान गर्न सक्नेछ।

१०. मतदानका दिन क्याम्पसका प्राध्यापक, कर्मचारी तथा योग्य मतदाता विद्यार्थी बाहेक अन्यलाई क्याम्पस हाताभित्र प्रवेश निषेध गरिने छ। प्रत्येक मतदान बुथमा चार वटा विद्यार्थी सगठनबाट १ १ जना आधिकारिक प्रतिनिधि र निर्वाचन समितिले व्यवस्था गरेअनुसार मतदानअधिकृत र अन्य सहयोगी कर्मचारी रहनेछन्। मतदानकार्यमा खलल नपुग्ने गरी परिचयपत्रधारी पत्रकार, निर्वाचन सम्बन्धी अनुसन्धानकर्ता तथा नेपाल सरकारका कार्यालय तथा निकायका सुरक्षाकर्मी साथै कर्मचारी क्याम्पस हाताभित्र प्रवेश गरी निर्वाचनको पर्यवेक्षण तथा रिपोर्टिङ गर्न सक्नेछन्। तर मतदान स्थलमा निर्वाचन अधिकृतको अनुमति वेगर प्रवेश निषेध गरिएको छ।

११. मतदानगर्दा प्रत्यक्षतर्फका उम्मेदवारको नामको दायाँपट्टि रहेको कोठाभित्र र समानुपातिक निर्वाचनअन्तर्गत विद्यार्थी संघ/संगठन/समूहको नामको दायाँपट्टि रहेको कोठाभित्र मतदाताले रेजा चिन्ह (√) लगाई आफ्नो मत उल्लेख गर्नुपर्नेछ।

१२. क्याम्पसमा निर्वाचनको लागि उम्मेदबारी दिएका प्रत्येक सगठनहरूलाई निर्वाचन पर्यवेक्षण प्रयोजनको लागि मात्र बढीमा २ वटा प्रवेश पास उपलब्ध गराईने छ।

१३. विद्यार्थीहरूले प्रत्यक्ष निर्वाचन प्रणालीबाट निर्वाचित हुने पदको लागि संघ, संगठन, संयुक्त प्यानल, समूह वा स्वतन्त्र रूपमा निर्वाचनमा उम्मेदवारी दिन सक्नेछन्। मतपत्र तयार पार्दा सहमतिको आधारमा समूहगत संगठनात्मक रुपमा तयार पार्न सकिनेछ। मतपत्रमा संगठन, संयुक्त प्यानल वा समूहको नाम राख्दा उम्मेदवारी दर्ता भएको क्रमसंख्या अनुसार राखिनेछ। समूहगत रुपमा निर्वाचनमा भाग लिन चाहनेले समूहको नामावली र मनोनयन पत्र दर्ता गर्नुपर्नेछ।

१४. मतपत्रमा निर्वाचन अधिकृत र मतदान अधिकृतको हस्ताक्षर हुनेछ।

स्व. वि. यु. निर्वाचन समिति
के. प्र. क्या. हात्तिसार, धरान

स्व. वि. यू. निर्वाचन समिति

१५. मसीको एकरूपताका लागि निर्वाचन समितिले [illegible]को कालो मसी भएको बलपेन मात्र मतदान कार्यमा प्रयोग गर्नु पर्दछ ।

१६. मतदान गर्ने क्रममा मतदाताले मोबाइल, क्यामरा, स्मार्ट वाच लगायतका विद्युतिय सामग्री तथा कलम, बलपेन तथा सुर्तिजन्य पदार्थहरु समेत लान निषेध गरिएको छ ।

१७. मादक पदार्थ सेवन गरी आएकालाई क्याम्पस हाताभित्र प्रवेशमा रोक लगाईएको छ ।

१८. प्रत्येक मतदाताले मतदान अधिकृतबाट प्राप्त मतपत्र अनिवार्य रुपले सम्बन्धीत मतपेटिकामा खसाल्नु पर्नेछ ।

**मतपत्र सदर तथा बदर हुने अवस्थाहरू**

१९. उम्मेदवारको नामको दायाँपट्टिको कोठामा बाहेक अन्य स्थानमा मत जाहेर गरेकोमा त्यस्तो मतबदर हुनेछ ।

२०. रेजा चिन्ह बाहेक मतपत्रको अगाडि वा पछाडि अन्य केही शब्द, लिखित सङ्केत वा केही कुरा लेखिएमा त्यस्तो मतबदर हुनेछ ।

२१. मतपत्र च्यातिएको अवस्थामा मतबदर हुनेछ ।

२२. केरमेट भएको तथा एउटा कोठामा एकभन्दा बढी रेजा चिन्ह उल्लेख भएको अवस्थामा मत बदर हुनेछ ।

२३. रेजा चिन्हले कोठाको रेखापार गरेको अवस्थामा मतबदर हुनेछ । तर कोठाको रेखा छोएको मात्र रहेछ भने त्यसलाई सदर नै मानिनेछ ।

२४. प्रत्यक्षतर्फको अध्यक्ष, सचिव र कोषाध्यक्ष प्रत्येक पदमा एक भन्दा बढी र सदस्य पदमा ७ जना भन्दा बढीलाई मतदान गरेकोमा त्यस्तो मत बदर हुनेछ । तर सदस्यपदमा ७ भन्दा कमलाई मतदान गरेकोमा मत बदर हुने छैन । समानुपातिकतर्फ एक भन्दा बढी संगठनलाई मतदान गरेकोमा मतबदर हुनेछ ।

२५. मतपत्रमा निर्वाचन अधिकृत तथा मतदान अधिकृतको हस्ताक्षर नभएमा त्यस्तो मतपत्र

बदर हुनेछ ।

२६. माथि नियमहरूमा उल्लेख भए अनुसार मतबदर हुने अवस्था आएमा जुन पदको बदर हुने अवस्था छ सो मात्र बदर हुनेछ र सो मतपत्रको अन्यपदको सदर हुने अवस्था रहे सो पदको मत गणना हुनेछ । सदस्य पदको हकमा बदर भएको मतबाहेक अन्य सदर मतको गणना हुनेछ । तर ७ जना भन्दा बढी सदस्यलाई मत सङ्केत गरिएको रहेछ भने सबै सदस्य पदको मतबदर मानिने छ ।

**मत गणना सम्बन्धी नियमहरू**

२७. मतगणना स्थल निर्वाचन समितिले तोके बमोजिम हुनेछ ।

२८. मतगणना स्थलमा प्रत्येक मतगणना टेबलमा चार विद्यार्थी संगठन प्रत्येकबाट १ १ जना आधिकारिक प्रतिनिधि, निर्वाचन समितिले तोकेबमोजिमको प्राध्यापक तथा कर्मचारीहरू रहनेछन् । मतगणनाका समयमा रहने प्रतिनिधि, उम्मेदवार वा कसैले पनि मोबाइलफोन तथा अन्य सञ्चारका साधनको प्रयोग गर्न पाइने छैन ।

२९. सर्वप्रथम सदर मत र बदर मतलाई छुट्याइने छ ।

३०. समानुपातिक तर्फ संगठनले प्राप्त गरेको मतका आधारमा अधिक शेष विधि(Largest Remainder Method) द्वारा संगठनहरूले प्राप्तगर्ने सिट निर्धारण गरिने छ ।

३१. समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित सदस्यमध्येबाट एक जना उपाध्यक्ष र एक जना सहायक सचिव दुबै प्रत्यक्ष निर्वाचन प्रणालीबाट निर्वाचित भएर आएका अध्यक्ष, सचिव, कोषाध्यक्ष तथा १६ जना सदस्यहरू गरी जम्मा १९ जनाको समूहले सर्वसम्मत वा बहुमत प्रणालीबाट निर्वाचित गरिने छ ।

३२. यस नियममा उल्लेख भएका बाहेक अन्य कुराहरूका हकमा स्वतन्त्रविद्यार्थी युनियनको निर्वाचन सम्बन्धी निर्देशिका २०७९, स्व.वि.यु. निर्वाचनको आचार संहिता सम्बन्धी निर्देशिका २०७९, त्रि.वि. का ऐन नियमहरू, प्रचलित नेपाल कानुन तथा निर्वाचनका मान्य सिद्धान्तअनुसार हुनेछ ।

(प्रा. बसन्त कुमार राई)
निर्वाचन अधिकृत

मिति २०७९।११।३०

स्व. वि. यू. निर्वाचन समिति
के. प्र. क्या. हात्तिसार, धरान